# स्थानीय राजपत्र

हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (८), फागुन ४ गते, २०८१ साल संख्याः ४

# भाग २

## हुप्सेकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),
## गण्डकी प्रदेश, नेपाल

## महिला सहकारी/समूह मार्फत पोषिलो पिठो उत्पादन कार्यक्रम संचालन कार्यविधि, २०८१

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/११/०४

## महिला सहकारी/समूह मार्फत पोषिलो पिठो उत्पादन कार्यक्रम संचालन कार्यविधि, २०८१

**प्रस्तावनाः**

महिला, बालबालिका तथा किशोरीहरुमा विद्यमान रहेको कुपोषणको अवस्थालाई दिगो विकास लक्ष्य अनुरुप घटाउने लक्ष्य लिई कुपोषणको समस्यालाई समाधान गर्न र विभिन्न कारक तत्वहरुलाई बहुपक्षीय पोषण अवधारणा अनुसार निराकरण गर्न विपन्न अवस्थाका सक्रिय महिला सहकारी/समूहलाई पोषिलो पिठो उत्पादन कार्यक्रम संचालन गरी महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तीकरण र व्यवसायिक कार्यक्रमलाई महिला सहकारी/समूहमा आयमूलक कार्यक्रम संचालन गर्न वाच्छनीय भएकोले हुप्सेकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि हुप्सेकोट गाँउपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १

### संक्षीप्त नाम र प्रारम्भः

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम " महिला सहकारी/समूह मार्फत पोषिलो पिठो उत्पादन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भए देखि लागु हुनेछ ।

### परिच्छेद २

### परिभाषा

**२. परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "सहकारी वा समूह" भन्नाले साविक महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला सहकारी, दलित तथा जनजाती समुदायमा क्रियाशील महिला सहकारी मध्ये सुनौला हजार दिनका घरपरिवारलाई फाइदा प्राप्त गर्ने लाभग्राही सदस्य रहेको सहकारी तथा समूह सम्झनुपर्छ र सो शब्दले सहकारीहरु नभएमा सोही प्रकृतिका महिला समूह, कृषक समूह वा स्वास्थ्य आमा समूहको सहभागिता र नेतृत्वमा संचालन भएको समूह सम्झनुपर्छ ।

(ख) "सदस्य" भन्नाले यस कार्यक्रम अन्तर्गत महिला सहकारी/समूह मार्फत पोषिलो पिठो उत्पादन कार्यक्रममा सहभागी सहकारी वा समूहका पदाधिकारी वा सदस्य सम्झनुपर्छ ।

(ग) "समिति" भन्नाले दफा ५ बमोजिमको समिति सम्झनुपर्छ।

(घ) "सुनौला हजार दिनको घर" भन्नाले गर्भवती महिला तथा २ वर्षभित्रका बालबालिका भएको घर परिवारलाई सम्झनुपर्छ।

(ङ) "मेसिन" भन्नाले सामान्य कुटानी पिसानी गर्ने औजारलाई सम्झनुपर्छ।

(च) "कच्चा पदार्थ" भन्नाले पोषिलो पिठो उत्पादन गर्न आवश्क पर्ने स्थानीय स्तरमा उत्पादन भएका मकै, जौ, कोदो, फापर, भट्मास, चना, केराउ, सिमी जस्ता अन्न तथा गेडागुडीलाई सम्झनुपर्छ।

(छ) "पोषिलो पिठो" भन्नाले स्थानीय स्तरमा उत्पादन भएका दुई भाग अन्न र एक भाग गेडागुडीको मिश्रण गरी बनाएको पिठोलाई सम्झनुपर्छ।

## परिच्छेद ३

## उद्देश्य र छनौट समिति

**३ . उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ।

क) विपन्न महिलालाई महिला सहकारी/समूह मार्फत पोषिलो पिठो उत्पादन कार्यक्रम संचालनमा सहभागी गर्नु,

ख) लाभग्राही समूहको आयआर्जन र पोषण अवस्थामा सूधार ल्याउनु,

**४. प्रस्ताव आह्वान :** यस महिला सहकारी/समूह मार्फत पोषिलो पिठो उत्पादन कार्यक्रम सञ्चालनको लागि गाउँपालिकाले पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि महिला सहकारी वा समूहले अनुसूची - १ बमोजिमको ढाँचामा गाँउपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

**५. छनौट समिति गठन :** (१) दफा ४ बमोजिमका प्रस्तावको मूल्याङ्कन गरी छनौटको लागि सिफारिस गर्न गाँउपालिकामा देहाय बमोजिमका छनौट समिति रहनेछ :

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) सामाजिक विकास समिति संयोजक - सदस्य

ग) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

घ) स्वास्थ्य शाखा प्रमुख - सदस्य

ङ) सहकारी शाखा प्रमुख - सदस्य

च) सामाजिक विकास शाखा हेर्ने कर्मचारी - सदस्य सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित अन्य व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) उपदफा (१) बमोजिम समितिबाट गाँउपालिकाले प्रस्ताव आव्हान गरे बमोजिम महिला सहकारी वा समूहबाट प्राप्त हुन आएका प्रस्ताव छनौटका लागि मुल्याङकन गरी सिफारिस गर्नेछ ।

(५) समितिले प्रस्तावमा उल्लेखित बमोजिमको समूहलाई आधारमानि मुल्याङ्कन गरी छनौट गर्न सक्नेछ।

## परिच्छेद ४

## प्रस्ताव छनौटका आधारहरु

**६. प्रस्ताव छनौटका आधारहरु :** (१) दफा ५ को उपदफा (४) बमोजिमका प्रस्ताव छनौट गर्दा देहाय बमोजिमको प्राथमिकताक्रम निर्धारण गर्नेपर्नेछ : -

१) महिला सहकारीको हकमा प्रचलित कानुन बमोजिम दर्ता भई गाँउपालिका कार्यक्षेत्र भएको र महिला समूहको हकमा गाँउपालिकामा दर्ता/सूचिकरण भएको हुनुपर्नेछ ।

२) यस कार्यविधि बमोजिम महिला सहकारी वा समूह छनौट गर्दा सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नभएको सहकारी तथा समूहलाई प्राथमिकता दिनुपर्नेछ ।

३) प्रस्ताव पेश गर्दा गाँउपालिकामा उत्पादन भएका वस्तुहरुको उपयोग र परिवार तहकै जनशक्ति प्रयोग गरी व्यवसाय संचालन गरिने प्रस्ताव पेश गर्नुपर्नेछ,

४) गाँउपालिका भित्र रहेका दलित तथा जनजाती समुदायमा क्रियाशिल महिला सहकारी/समूह मध्ये सुनौला हजारदिनका घरपरिवारलाई फाइदा पुग्ने सहकारी तथा समूह,

**७. प्रस्ताव मूल्याङ्कन तथा छनौट :** (१) समितिले प्रस्ताव छनौट तथा मूल्याङ्कन गर्दा अनुसूची - २ बमोजिम प्राथमिकताको आधारमा मूल्याङ्कन गर्नुपर्नेछ ।

(२) दफा ४ को खण्ड (१) बमोजिम प्राप्त भएका प्रस्तावहरु पन्ध्र दिन भित्र मूल्याङ्कन गरि सक्नुपर्नेछ

(३) दफा ६ बमोजिम न्युनतम आधार पूरा नभएका प्रस्तावको सम्वन्धमा छनौट समितिको सिफारिसका आधारमा गाँउपालिकाले सात दिनको समय दिई पुनः प्रस्ताव आव्हानका लागि सूचना प्रकाशन गर्नेछ।

**८. कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था :** (१) दफा ५ बमोजिमको समितिबाट छनौटको लागि सिफारिस भएको सहकारी वा समूहसँग गाउँपालिकाले सम्झौता गरी कार्यक्रम संचालन गराउनुपर्नेछ।

(२) कार्यक्रम संचालनका लागि आवश्यक कच्चा पदार्थ खरिद गर्न सुरुवाती बिउपुजीं तथा मेसिन हस्तान्तरण गरिनेछ।

**९. तालिम तथा अभिमुखीकरण गर्नुपर्ने :** (१) गाँउपालिकाले पोषण सम्बन्धित विज्ञ मार्फत दफा ८ बमाजिम सम्झौता भएका सहकारी वा समुहका कार्यसमितिका सदस्यलाई पोषिलो पिठो उत्पादन सम्बन्धी तालिम दिनुपर्नेछ ।

**१०. बजार व्यवस्थापनमा समन्वय गर्नुपर्ने :** गाँउपालिकाले सहकारी वा समूहका सदस्यले उत्पादन गरेका वस्तुको बजार व्यवस्थापनको लागि समन्वय वा सहजीकरण गर्नुपर्नेछ ।

**११. फिर्ता गर्नुपर्ने :** (१) मेसिन ३ महिना भन्दा बढी संचालन नभएमा फिर्ता गर्नुपर्नेछ ।

(२) कुनै कारणवस सहकारी वा समूहले कार्य संचालन गर्न नसकेमा वा विघटन भएमा उक्त रकम गाँउपालिकामा फिर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम फिर्ता भएको रकम गाँउपालिकाले यसै कार्यविधि बमोजिम अन्य सहकारी वा समूहलाई पुनः सूचना आह्वान गरी कार्यक्रम संचालन गराउन सक्नेछ ।

**१२. अनुगमन सम्बन्धि व्यवस्था :** यस कार्यविधि बमोजिम सहकारी वा समूहको अनुगमन गाँउपालिकाको अनुगमन समितिले गर्नेछ ।

**१३. प्रतिवेदन पेश गर्नुपर्ने :** यस कार्यविधि बमोजिम पोषिलो पिठो उत्पादन कार्यक्रम संचालन गर्ने सहकारी वा समूहले कार्यक्रम परिचालनको अवस्थाको बारेमा अनुगमनको मासिक, अर्धवार्षिक र वार्षिक रुपमा अनुसुची - ३ बमोजिमको ढाँचामा गाँउपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**१४. बाधा अड्काउ फुकाउने :** यस कार्यविधिको कार्यान्वयमा कुनै वाधा उत्पन्न भएमा गाँउपालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

**अनुसूची १**

**दफा ४ को उपदफा २ सँग सम्बन्धित**

**प्रस्तावको ढाँचा**

सहकारी वा समूहको नाम :

ठेगाना :

दर्ताभएको मिति : दर्ता भएको कार्यालय :

दर्ता नं:

सहकारी वा समूहको भौगोलिक क्षेत्र /कार्यक्षेत्र :

सहकारी वा समूहको प्रकृति :

सहकारी वा समूह सदस्य संख्या :

कार्यसमिति सदस्यको विवरण :

सहकारी वा समूहको कार्यक्षेत्र भित्रका जनसाख्यिक विवरण :

सहकारी वा समूहको कार्यक्षेत्र भित्रका खाद्य सुरक्षाको अवस्था विवरण :

सहकारी वा समूहको गत ३ आर्थिक वर्षको आयव्याय विवरण :

**१. कार्यक्रमबाट लाभ पाउने अनुमानित विवरण :**

| क्र.स. | लगानीको क्षेत्र | संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | दलित | जनजाति | अन्य | |
| १ | पोषिलो पिठो उत्पादन | | | | |
| | | | | | |

**२. खर्च योजना**

| क्र.स. | लगानीको क्षेत्र | परिमाण | दर | जम्मा | कैं |
|---|---|---|---|---|---|
| १ | पोषिलो पिठो सम्बन्धी तालिम | | | | |
| २ | पोषिलो पिठो उत्पादन कच्चा पदार्थ | | | | |
| ३ | मेसिन | | | | |
| | जम्मा | | | | |

### ३. आम्दानी योजना

| क्र.स. | विवरण | दर | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | जम्मा रकम | परिमाण | जम्मा रकम | परिमाण | जम्मा रकम |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| | जम्मा विक्रि आम्दानी | | | | | | | |

### ४. वार्षिक नाफा नोक्सान विवरण

| क्र.स. | विवरण | १ वर्ष | २ वर्ष | ३ वर्ष |
|---|---|---|---|---|
| १ | जम्मा उत्पादन खर्च | | | |
| २ | जम्मा विक्रि आम्दानी | | | |
| | विक्रीबाट नाफा | | | |

अनुसुची - २

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

प्राथमिकता छनौटको आधार

१. विपन्न समुदायका महिलाहरुको पूर्ण सहभागिता र नेतृत्वमा गाँउपालिका भित्र संचालनमा रहेका महिला सहकारीरसमुह प्राथमिकता दिइनेछ ।

२. महिला सहकारी वा समूह छनौट गर्दा सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नभएको सहकारी तथा समूहलाई प्राथमिकता दिइनेछ ।

अनुसुची - ३

(दफा १३ सँग सम्बन्धित)

मिति ....... देखि .... सम्मको मासिक/अर्ध वार्षिक/वार्षिक प्रतिवेदनको नमुना

सहकारी वा समूहको नाम :

ठेगाना :

दर्ता भएको मिति : दर्ता भएको कार्यालय : दर्ता नंः

सहकारी वा समूहको भौगोलिक क्षेत्र /कार्यक्षेत्र :

सहकारी वा समूहको प्रकृति :

कार्यक्रमको लक्ष्यः

कार्यक्रमको प्रगतिः

कार्यक्रमको बारेमा सल्लाह तथा सुझावः

१. भौतिक अवस्था

| क्र.स. | लगानीको क्षेत्र | इकाई | लक्ष्य | प्रगति | जातीय विवरण | | | जम्मा | कैं |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | दलित | जनजाति | अन्य | | |
| १ | पोषिलो पिठो उत्पादन कार्यक्रम | | | | | | | | |
| | | | | | | | | | |

२. आर्थिक विवरण

| क्र.स. | लगानीको क्षेत्र | इकाई | लक्ष्य | प्रगति | जातीय विवरण | | | जम्मा | कैं |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | दलित | जनजाति | अन्य | | |
| १ | पोषिलो पिठो उत्पादन कार्यक्रम | | | | | | | | |

गाउँ कार्यपालिकाबाट प्रमाणित मितिः २०८१/११/०४

प्रमाणिकरण मितिः २०८१/११/०४

प्रकाशित मितिः २०८१/११/०४

आज्ञाले,

हरि प्रसाद पराजुली

प्रमुख प्रशासकीय अधिकृत